चिचिला गाउँपालिका, सङ्खुवासभा

स्थानीय राजपत्र

खण्डः ८ | सङ्ख्याः ८ | मितिः २०८१/०९/२६

**भाग-२**

**चिचिला गाउँपालिका**

# अति विपन्न विद्यार्थी शैक्षिक सहायता सम्बन्धी कार्यविधि, २०८१

**कार्यपालिकाबाट स्वीकृत मितिः** २०८१/०९/१४

**प्रमाणीकरण मितिः** २०८१/०९/१५

**प्रकाशन मितिः** २०८१/०९/२६

चिचिला गाउँपालिका

# अति विपन्न विद्यार्थी शैक्षिक सहायता सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावनाः** चिचिला गाउँपालिका क्षेत्रभित्रका अति विपन्न विद्यार्थीहरूको विद्यालय टिकाउ दर बढाई माध्यमिक तहको शिक्षामा सबैको पहुँच सुनिश्चित गर्नका लागि आर्थिक अभावका कारण विद्यालय शिक्षाबाट बञ्चित हुने अवस्थामा रहेका बालबालिकाहरूको पहिचान गरी सहायता उपलब्ध गराउने कार्यलाई वाञ्छनीय भएकाले गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "अति विपन्न विद्यार्थी शैक्षिक सहायता सम्बन्धी कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ ।

२. **परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अति विपन्न परिवार" भन्नाले आफ्नो आर्थिक अवस्था कमजोर भएको, न्यूनतम क्यालोरी पूरा हुने गरी खान नपूग्ने, नियमित स्थायी आम्दानीको श्रोत नभएको, आफ्नो आम्दानीले पर्याप्त खान, लाउन, शिक्षा, स्वास्थ्य, उपचार गराउन नपुग्ने, अर्काको घरमा आश्रय लिई बसेको परिवारलाई जनाउछ ।

(ख) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ग) "अभिभावक" भन्नाले गाउँपालिकाले तयार गरेको शिक्षा ऐनले परिभाषा गरे बमोजिम हुनेछ ।

(घ) "गाउँपालिका" भन्नाले चिचिला गाउँपालिका सम्झनु पर्दछ ।

(ङ) "गाउँ कार्यपालिका" भन्नाले चिचिला गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(च) "प्रधानाध्यापक" भन्नाले गाउँपालिका भित्रका सामुदायिक विद्यालयका प्रधानाध्यापकलाई सम्झनु पर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ज) "वडा शिक्षा समिति" भन्नाले गाउँ कार्यपालिकाले तयार गरेको शिक्षा ऐनले परिभाषा गरे बमोजिम वडामा गठन भएको समिति सम्झनु पर्छ ।

(झ) “शाखा” भन्ना चिचिला गाउँपालिका गाउँ कार्यपालिका अन्तर्गत शिक्षा, युवा तथा खेलकुद शाखालाई बुझ्नुपर्दछ ।

(ञ) “सहायता” भन्नाले अति विपन्न परिवारका विद्यार्थीहरूलाई दफा ४ बमोजिम वितरण गरिने रकमलाई सम्झनु पर्दछ ।

(ट) “सामुदायिक विद्यालय” भन्नाले चिचिला गाउँपालिका भित्रका सामुदायिक विद्यालय सम्झनु पर्दछ ।

(ठ) “संरक्षक” भन्नाले बाल बचत खाता सञ्चालनका क्रममा सम्बन्धित विद्यार्थीको रेखदेख, पालनपोषण गर्ने परिवारका मुख्य व्यक्त सम्झनु पर्छ ।

परिच्छेद- २

## विद्यार्थी छनौट गर्ने आधार, प्रक्रिया तथा सहायता वितरण

३. **अति विपन्न परिवारका विद्यार्थीलाई सहायता उपलब्ध गराउन सक्नेः** (१) गाउँपालिकाले अति विपन्न परिवारका विद्यार्थीहरू पहिचान गरी सहायता प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सहायता उपलब्ध गराउँदा गाउँपालिका क्षेत्रभित्र बसोबास गरी गाउँपालिका भित्रकै सामुदायिक विद्यालयमा बालकक्षा देखि कक्षा दशसम्म अध्ययनरत अति विपन्न परिवारका विद्यार्थीलाई मात्रै प्रदान गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सहायता प्रदान गर्नका लागि शाखाले गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरूबाट अति विपन्न परिवारका विद्यार्थीहरूको विवरण माग गर्नेछ ।

(४) उपदफा (३) बमोजिम विद्यालयबाट विवरण प्राप्त भएपछि सो सम्बन्धमा सम्बन्धित वडाको वडाशिक्षा समिति, सम्बन्धित विद्यालय र शाखाले छलफलद्वारा विद्यार्थी छनौट गर्नेछ ।

(५) उपदफा (४) बमोजिम छनौट भएका विद्यार्थीहरूको विवरण शाखाले सार्वजनिक गर्नुपर्नेछ ।

४. **सहायता वितरणः** (१) गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरूमा बालकक्षा देखि कक्षा दशसम्म अध्ययनरत अति विपन्न परिवारका विद्यार्थीहरूलाई गाउँ कार्यपालिकाको निर्णय बमोजिम शैक्षिक सहायता वितरण गरिनेछ ।

(२) उपदफा (१) बमोजिम वितरण गरिने शैक्षिक सहायता अन्तर्गत देहायमध्ये कुनै वा सबै प्रकारका सहायता वितरण गर्न सकिनेछः-

(क) विद्यालयमा लाग्ने सबै किसिमका शूल्क बापतको रकम,

(ख) विद्यालयले तोकेको पोशाक खरिदका लागि आवश्यक पर्ने रकम,

(ग) विद्यार्थीलाई आवश्यक पर्ने सम्पूर्ण शैक्षिक सामग्री तथा स्टेशनरी खरिदका लागि आवश्यक पर्ने रकम ।

परिच्छेद-३

**विविध**

५. **दोहोरो पर्ने गरी सहायता प्रदान गर्न नहुनेः** यस कार्यविधि अनुसार परिभाषित गरिएको अति विपन्न भएको भएपनि अन्य कुनै माध्यम वा स्रोतबाट आर्थिक, शैक्षिक सहयोग प्राप्त गरेका विद्यार्थीलाई दोहोरो पर्ने गरी सहायता प्रदान गर्न हुँदैन ।

६. **बाधा अड्काउ फुकाउन सक्नेः** यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा भएमा गाउँ कार्यपालिकाले कार्यविधिको संशोधन वा परिमार्जन गरी थप व्यवस्था गर्नेछ ।

**प्रमाणीकरण मितिः** २०८१/०९/१५

**आज्ञाले,**
**सन्तोष राई**
**चिचिला गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत ।**